# हिब्रू ६:६ लाई बुझ्दै

A Study by Franklin

**हिब्रू ६:१-८** यसकारण ख्रीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोड़ेर हामी **परिपक्वतातर्फ बढ़ौं**। मृत्युतिर लैजाने कर्महरूबाट **पश्चात्ताप** र परमेश्वरमाथिको विश्वासका कुराको जग फेरि नबसालौं। (२) विभिन्न बप्तिस्माहरूसम्बन्धी शिक्षा, हात राख्ने काम, मरेकाहरूको पुनरुत्थान र अनन्त दण्डजस्ता कुराहरूको जग फेरि नबसालौं। (३) **यदि परमेश्वरको अनुमति भयो भने** हामी यसै गर्नेछौं। (४) किनकि तिनीहरू, जसले एक चोटि **ज्योति पाएर** स्वर्गीय वरदान **चाखेका छन्**, र **पवित्र आत्माका सहभागी भएका छन्**, (५) र **परमेश्वरको उत्तम वचनको** र आउने युगका **शक्ति**को स्वाद चाखेका छन्, (६) **त्यसपछि पनि विश्वास त्याग गरी तिनीहरू पतित भए** भनेता **तिनीहरूलाई पश्चात्ताप गर्ने स्थितिमा फेरि ल्याउनु असम्भव छ।** किनभने तिनीहरूले आफ्नै खातिर परमेश्वरका पुत्रलाई **फेरि क्रूसमा टाँग्छन्**, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्। (७) जुन जमिनले आफूमाथि सधैँ बर्सने पानी पिउँछ, र मानिसहरूका निम्ति खनजोत गरिएको छ, र तिनीहरूका निम्ति **मन पर्ने** अन्न-बाली उमार्छ, त्यस जमिनले परमेश्वरबाट आशिष् पाउँछ। (८) तर **यदि** त्यसैले काँढ़ा र सिउँडीहरू उमाऱ्यो भने त्यो **बेकम्मा** हुन्छ, र परमेश्वरको सराप **पर्न सक्छ।** अन्त्यमा त्यो जलाइन्छ।

सहि अनुवादको लागि पृष्टभूमिको अध्ययन गर्न सधै महत्वपूर्ण हुन्छ।

- **हिब्रू ५:१२-१४** किनकि यतिको समयसम्म त **तिमीहरू शिक्षक भइसक्नुपर्दथियो**, तर अझै पनि तिमीहरूलाई कसैले परमेश्वरका वचनको आधारभूत शिक्षाहरू सिकाउनुपरेको छ। तिमीहरूलाई खँदिलो भोजन होइन, तर **दूध** चाहिन्छ।

- **दूध** बच्चाहरुको शरीरमा बढ्न, बल र ज्ञानको लागि हो।
- **परिपक्वता** चाहिँ लेखकको मुख्य बुदा हो - बालकबाट **छोराहरु**मा बड्दै जानु। एक परिपक्वले अरुहरुलाई सिकाउन सक्छ। - चेलापन

(१३) **दूध मात्र** खाएर बाँच्ने जोकोहि **धार्मिकताको वचनमा** निपुण हुँदैन, किनकि त्यो **बालकै** हुन्छ (शाब्दिक रुपमा- पुरा उमेरको होइन)।

- तुलना: गलाती ४:१-२ मेरो भनाइको अर्थ यो हो, **उत्तराधिकारी** जबसम्म **बालकै** छ, **ऊ सबै थोकको मालिक** भए तापनि कमाराभन्दा फरक हुँदैन, (२) तर **बाबुले ठहराएको समयसम्म** ऊ अभिभावक र संरक्षकको अधीनमा हुन्छ। त्यसपछि उसलाई पुत्रको रुपमा विशेष अधिकार दिइन्छ ।

- उहाँ परिपक्वताको प्रकृयामा बोल्दै हुनुहुन्छ जब बालकले सिक्छ, आज्ञापालन गर्छ अनि आफ्नो बुबाको चाहानालाई पुरा गर्ने कामको इच्छा गर्छ, र जिम्मेवार पुत्र बन्छ।

- हाम्रो उदाहरण येशू हुनुहुन्छ: हिब्रू ५:८ उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफूले **भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो।** दु:ख भोग्नुको उदेश्य छ - हामीलाई विश्वास अनि आज्ञापालनबाट परिपक्वतामा ल्याउन।
- इस्राएलको सन्तान पिताको आज्ञापालनमा परीवर्तन हुन ४० वर्ष सम्म ढिलो थिए, छोरा बन्न,अनि उनीहरुको उत्तराधिकार, प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्न ।

(१४) **खँदिलो भोजन** त **परिपक्व** मानिसहरूका निम्ति हो। यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्ट्याउन सक्ने भएको हुन्छ।

- बच्चाहरुले दुधबाट सुरुवात गर्छ तर पूरा रुपमा, शक्ति अनि बुद्धिको लागि **ठोस खानेकुरा**को आवश्यकता पर्छ। **परिपक्कताले** बच्चा नभएको तर छोरा भएको भन्छ ।

**हिब्रू ६:१** यसकारण ख्रीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोड़ेर हामी **परिपक्वतातर्फ** बढ़ौं। **मृत्युतिर लैजाने कर्महरू**बाट **पश्चात्ताप** र परमेश्वरमाथिको **विश्वास**का कुराको जग फेरि नबसालौं।

- प्रश्न स्वर्ग जानको लागि **होइन**, तर **बढीरहन ! परिपक्क ! मृत्युको कामहरुलाई, निति नियमलाई र विश्वाशको विवादलाई छोड्नु हो।**

**हिब्रू ६:३** **यदि परमेश्वरको अनुमति भयो भने** हामी यसै गर्नेछौं।

- हामी **परिपक्कता**मा जोड दिने छौँ (पुत्र) **यदि** हाम्रा पिताले **अनुमति** दिनुहुन्छ भने जसरी हामी गलाती ४:१-२ देख्न सक्छौ। **(..**पिताले मिति नतोकुन्जेलसम्म **)**

**हिब्रू ६:४.** किनकि तिनीहरू, जसले एक चोटि **ज्योति** पाएर स्वर्गीय वरदान **चाखेका** छन्, र पवित्र आत्माका **सहभागी भएका** छन्,

- **एक पटक शिक्षा दिइयो** अर्थ परमप्रभुले उनीहरुलाई उहाँ को हुनुन्छ भन्ने प्रकाश दिनुभयो। जसरी उहाँले इमाउसको बाटोमा दुइ जनाको आखाँलाई खोलीदिनु भएको थियो (लूका २४:१-३५)।

  एफिससमा भएको **विश्वासीहरु**लाई लेख्दै पावलले यसो भन्नुभयो: १:८ म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा **उज्यालो** होस्, . . . ज्योति, अथवा प्रकाश, पिता परमेश्वरबाट आउँछ र उहाँलाई चिन्नको लागि आवश्यक छ। हिब्रू ६:४ कोहरुलाई ज्योतिमा ल्याइएको छ ।

  हिब्रू १०:३२ ती अघिका दिनहरूलाई सम्झ, त्यस बेला **प्रकाश पाएपछि** तिमीहरू कष्टहरूसहित कठोर सङ्घर्षमा स्थिर रहेका थियौ। तिनीहरुले सबै विश्वासीहरु जस्तै पिडा भोगे किनभने तिनीहरुले आफ्नो पुरानो बाटोहरु त्यागे, अनि अब उसो अरुहरु जस्तै जीएनन्। (यूहन्ना १५:१८-१९; २तिमोथी ३:१२; १ पत्रुस ४:४)

- **स्वर्गीय उपहारलाई जाँच गरियो** पुरानो करारको उदाहरण भनेको पिता परमेश्वरको प्रावधान: उजाड भूमिमा मन्ना (प्रस्थान १६)। अनि जसरी पावलले १ कोरन्थी १०: ३-४ भन्यो **सबैले** एउटै आत्मिक भोजन **खाए**। (४) **सबैले आत्मिक पानी पिए**, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो **चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो।**

- **पवित्र आत्माको भागीदार बने** विश्वासीहरु "उनीहरुमा" मात्र पवित्र आत्माको प्राप्तकर्ता बने। १ कोरन्थी ६:१९ तिमीहरूको शरीर पवित्र

आत्माको मन्दिर हो **जो तिमीहरुमा हुनुहुन्छ**, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, विश्वासीहरु"मा" मात्र पवित्र आत्मा हुनुहुन्छ ।

**हिब्रू ६:५ र परमेश्वरको उत्तम वचनको र आउने युगका शक्तिको स्वाद चाखेका छन्,**

- **पिता परमेश्वरको असल वचनलाई जाँच चाखेका थिए : "जाच गरियो"** भन्नाले अनूभव चित्रण गर्नु हो। "**वचन**"लाई ग्रीकमा "रीमा" भनिन्छ जसले "बोलिएको शब्द" जनाउँछ। पुरानो करारमा उहाँ बोल्नु भयो अनि उहाँको सन्तानलाई भन्नुभए अनुसार उहाँले प्रदान गर्नुभयो - तिनीहरुलाई उजाड स्थानमा खुवाउनु भयो र चट्टानबाट तिनीहरुलाई पानी दिनुभयो। उहाँको वचन सधैँ असल हुन्छ।

  हिब्रू १:१-२ प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले **परमेश्वर बोल्नुभयो।** (२) तर यी आखिरी दिनहरूमा **उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ।**

  यूहन्ना १०:२७ "**मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्**, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्। उहाँ तिनीहरुसंग बोल्नुहुन्छ जो उहाँको हो।

  यूहन्ना ८:४३ मैले भनेको तिमीहरू किन बुझ्दैनौ? किनभने **तिमीहरूले मेरो वचन सुन्न सक्दैनौ ।** तिनीहरु जो **उहाका होइनन्** तिनीहरुले "**सुन्दैनन्**" जे उहाँ बोल्नुहुन्छ।

माथिको दुई पदहरुमा, उहाँका सन्तान, उहाँका विश्वासीहरु, उहाँका वचनहरुको पुर्णतालाई हेरुन् र अनुभव गरुन्।

- उनि तिनीहरुलाई लेख्छन् जसले **आउने समयको शक्तिहरुको** अनुभव गरे त्यो उहाँको राज्य हो, त्यो अहिले यहाँ छ शक्तिमा जो उहाँमा विश्वास गर्छन। परमेश्वरको राज्य तिमीहरुकै बीचमा छ (लूका १७:२१) मैले तिमीहरूलाई अधिकार दिएको छु. . . अनि सब शक्तिहरु (लूका १०:१९)।

**हिब्रू ६:६.** त्यसपछि पनि विश्वास त्याग गरी तिनीहरू पतित भए भनेता **तिनीहरूलाई पश्चात्ताप गर्ने स्थितिमा फेरि ल्याउनु असम्भव छ।**

- यो पद ग्रीकबाट अनुवाद गर्न धेरै गाहो छ। यो स्पष्ट छैन। तर समझनुहोस्: परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन।" (लूका १:३७)

- एउटा कुरा धेरै महत्वपूर्ण छ: "फेरी उनीहरुलाई नबिकरण गर्नु" **के?**
  औचित्य छैन ! मुक्ति छैन ! तर **पक्षताप गर्नु हो** !

लेखक पुरानो करारको उदाहरणलाई उद्दत गर्दै राक्छन्। यो भनिरहेको थियो कि हिब्रूको पुस्तक हिब्रूको विश्वासीहरुलाई हिब्रू नबन्नुलाई सिकाउन थियो। लेखकले पिता परमेश्वरको **रगतको छुटकाराको** मनिसको उदाहरणलाई उधृत गर्दै जलाई उहाँले बचाउनु भयो र मिश्रबाट निकालेर ल्याउनु भयो। उनीहरुले परमेश्वरको

प्रबन्ध र मुक्तिको आश्चर्यकर्महरु एक पछि अर्को देखे। तर फेरी अनि फेरी तिनीहरु बिद्रोही र अनाज्ञाकारी भए।

अन्तिम अनाज्ञाकारीता चाहिँ उहाँले दिन्छु भनेको भुमिमा प्रवेश गर्न इन्कार गर्नु थियो। जासुसहरु भूमिमा पठाईएको थियो ( गन्ती १३:२,२१)। उनीहरुले जाच गरे यो मिठोपन, यसको फल (२३,२७)। तर जब तिनीहरुले दानवहरुलाई देखे (३१-३३) डरले गर्दा तिनीहरुको विश्वास सकियो। तिनीहरुले देखेको कारण उहाँको वचनलाई विश्वास गरेनन्। (१४:२२-२३) र **छोराहरु**ले जस्तै **आज्ञापालन गर्न इन्कार** र उनीहरुको उत्ततराधिकारलाई लिइयो।

गन्ती १४:२२-२३ परमप्रभु भन्नुहुन्छ: (२२) मिश्र र उजाड़-स्थानमा मेरा महिमा र आश्चर्यकर्महरू देखेर पनि **अनाज्ञाकारी भई दश पल्ट मेरो जाँच गर्ने यी सारा मानिसहरूले** (२३) तिनीहरूका पुर्खाहरूलाई शपथ खाएर भनेको **प्रतिज्ञाको देश देख्नेछैन।** मलाई तिरस्कार गर्नेले त्यो कहिल्यै देख्नेछैन।

- जे तिनीहरुको पिताले तिनीहरुलाई **भन्छन** आज्ञा मान्न इन्कार गरे, छोरा जस्तै, तर तिनीहरुको आखाले जे **देखे** त्यसमा विश्वास गरे। त्यसकारण उहाँले तिनीहरुलाई **अनुशासन**मा राख्नुहुन्छ अनि तिनीहरु **बच्चा जस्तै** रहे।

- धैरै विश्वासीहरु आज **बच्चानै छन्,** परमप्रभुलाई जाँच गरिरहन्छन्, उहाँको आवाजलाई सुन्दैनन्, तिनीहरु पितासँग नजिक हुन मन गर्दैनन् अनि आशिषहरु र पुत्र हुन सौभाग्य गुमाउछन्।

- गन्ती १४:३९-४५ जब मोशाले सबै इस्राएलीहरूलाई यी कुरा बताइदिए, तब मानिसहरूले **ज्यादै बिलौना** गर्न लागे। (४०) तिनीहरू बिहान सबेरै उठेर यसो भन्दै पहाड़ी क्षेत्रतिर उक्लन लागे, "हेर, हामीहरू यहाँबाट अब परमप्रभुले प्रतिज्ञा गर्नुभएको ठाउँमा **उक्लिजाऔं**, किनकि **हामीले त पाप गरेछौं।**" **(तिनीहरुले क्षमा मागे, तिनीहरुले विचारलाई परिवर्तन गरे, पश्चाताप गरे, तर धेरै ढिलो भई सकेको थियो)** (४१) तर मोशाले भने, "तिमीहरूले किन परमप्रभुको आज्ञा उल्लङ्घन गर्छौ? **यो सफल हुनेछैन।** (४२) नउक्ल, नत्रता शत्रुहरूले तिमीहरूलाई मार्नेछन्, किनभने **परमप्रभु तिमीहरूका बीचमा हुनुहुन्न।**. **(तिमीलाई बिजय दिन, प्रतिज्ञा)** (४३) त्यहाँ अमालेकीहरू र कनानीहरूले तिमीहरूलाई सामना गर्नेछन्, र उनीहरूद्वारा तिमीहरू परास्त हुनेछौ। तिमीहरू परमप्रभुको **पछि लाग्न छोड्यौ।**. **(यो हिब्रू ६:६मा बोलिएको बाट खस्नु)** यसकारण परमप्रभु तिमीहरूका साथमा हुनुहुनेछैन, तर तिमीहरू तरवारद्वारा मर्नेछौ।" (४४) तापनि कुरै नसुनी तिनीहरू पहाड़ी क्षेत्रतिर अगि बढ़े। तर परमप्रभुका करारको सन्दूक र मोशाचाहिँ छाउनीबाट निस्केनन्। (४५) तब त्यस पहाड़मा बस्ने अमालेकी र कनानीहरू तल ओर्लेर तिनीहरूलाई होर्मासम्मै मार्दै र खेद्दै ल्याए।

जीत र तिनीहरुको संसारिक उत्तराधिकारलाई कसरी राख्नु भन्ने सोचमा विश्वास गरीरहन र उहाँको वचन पालन गर्नबाट तिनीहरु चुके । अनि तिनीहरुले परिणामहरु भोगे - उजाड भूमिमा जीवन । यो चाहिँ धेरै विद्रोही कामहरु पछि थियो अनि परमप्रभुले तिनीहरुको भुलहरुलाई स्वीकार गर्नु भएन।

निरन्तर रुपमा गरिएको अनाज्ञाकारीताकाले कडा अनुशासनको परिणाम ल्याउछ ।

हितोपदेश १३:२४ त्यसलाई प्रेम गर्ने बाबुले होशियारीसाथ त्यसलाई ताडना दिन्छ।

हिब्रू १२:६ जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताड़ना दिनुहुन्छ,
हिब्रू १२:१० हाम्रो फाइदाको निम्ति उहाँले ताड़ना दिनुहुन्छ।

यदि अनुशासन हुदैन भने, आउने पुस्ता, तिनीहरुको सन्तान, तिनीहरुको पिताहरु जस्तै निरन्तर रुपमा जिइरहने थिए। ४० बर्षको कठिनाइबाट मरभुमिमा भएर जादा तिनीहरुको सन्तानले आज्ञाकारीताले जीवनलाई धेरै राम्रो बनाउछ भन्ने सिके अनि तिनीहरु पछि मात्र प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गरे अनि आशिषहरु र प्रवधानमा त्यसपछिको सन्तानहरुले आनन्द मनाए ।

- प्रतिज्ञा गरिएको भुमि भनेको एक प्रकारले परमेश्वरको राज्य हो।

यो हामीलाई चेतावनी हो। १ कोरन्थी १०:६-१३ अब **यी कुराहरु हामीहरुलाई उदाहरणको रुपमा हुनेछन्,** त्यस कारणले **हामी** नराम्रो कुराको चाहना **गर्ने छैनौ** जसरी तिनीहरुले गरे। (७) मूर्तिपूजक नहोऔ . . . (८) व्यविचार झैँ नहोऔ. . (९) प्रभुको परीक्षा गर्नुहुदैन, . . .(१०) न कि गनगन, जसरी केहीले गरे, . . (११) अब यी कुराहरु उनीहरुलाई **उदाहरणको रुपमा** भए, अनि तिनीहरु **हाम्रो निर्देसनमा लेखियो,** जो माथि अन्तको उमेर आउछ।

जब निरन्तर रुपमा अनाज्ञाकारी भएर जीवन बिताउँछौ, उहाँको वचनलाई पालन गर्दैनौ, त्यो समय आउने छ जब उहाँले क्षमादानको लागि अरु छुट दिनुहुने छैन। अनि तपाई बालककै हुनुहुनेछ र एक परिपक्कलाई झै पुरा फाइदाहरु अनि बिशेष अधिकारमा रमाउन सक्नुहुन्न, यस पृथ्वीमा भएको उहाँको राज्यमा।

२ तिमोथी २:२४-२६ जो बिपक्षमा छन् तिनीहरुलाई सुधार्न **यदि सायद परमेश्वरले तिनीहरुलाई पश्चाताप गर्न दिनुहुनेछ**

- अनन्त जीवन ? - हो ! उहाँको रगतको करारबाट।
- यस पृथ्वीमा आशिषमय जीवन ? - हाम्रो आज्ञाकारीतामा निर्भर हुन्छ।

**गन्ती १४:३०-३३** अनि यपुन्नेका छोरा कालेब र नूनका छोरा यहोशूबाहेक गणना भएको र मेरो विरुद्धमा गनगनाउने बीस वर्षदेखि उँभोको कोही पनि वासको निम्ति दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गरेको देशमा जान पाउनेछैन।(३१) लूट स्वरूप पक्रिनेछन् भनी तिमीहरूले भनेका **तिमीहरूका छोराछोरीहरू**लाई चाहिँ म **त्यहाँ पुर्‍याउनेछु**, र तिमीहरूले **अवहेलना** गरेको ठाउँ तिनीहरूले प्राप्त गर्नेछन्। (३२) तर तिमीहरूका लाशचाहिँ यही उजाड़-स्थानमा छोड़िनेछन्।(३३) तिमीहरूमध्येको अन्तिम मानिसको मृत्यु नभएसम्म **<u>तिमीहरूको अविश्वासको कारण</u>** आफ्ना छोराछोरीहरू चालीस वर्षसम्म गोठाला भएर उजाड़-स्थानमा डुल्नेछन्।

तिनीहरु मरुभूमिमा मरे। तिनीहरु फर्केर मिश्रमा जान सकेनन किनभने **तिनीहरु परमप्रभुका थिए !** उहाँका रगतद्वारा छुटकारा पाइएका सन्तानहरु थिए।

.............................................................................................................

**हिब्रू ६:६** जबसमम तिनीहरूले आफ्नै खातिर **परमेश्वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्।**

फेरी लेखक पुरानो करारको उदाहरणलाई उद्दत गर्दै त्यो जसलाई लेखेको हो उसले कुरालाई बुझ्न सकोस् ।

**मोशाको उदाहरण:** प्रस्थान १७:२-७ यसकारण तिनीहरूले मोशासित झगड़ा गरेर भने, "हामीलाई खाने पानी दिनुहोस्।" मोशाले तिनीहरूलाई भने, "तिमीहरू किन

मसित कलह गर्दछौ? **तिमीहरू किन परमप्रभुको परीक्षा गर्दछौ?"** (३)तर मानिसहरूलाई पानीको तिर्खा लाग्यो, र ती यसो भनेर मोशाको विरुद्धमा गनगनाए, "तपाईंले हामी, हाम्रा बालबच्चा र पशुहरूलाई तिर्खाले मार्न किन मिश्रबाट यहाँ ल्याउनुभयो?" (४) तब मोशाले यसो भनी परमप्रभुलाई पुकारा गरे, "म यी मानिसहरूलाई के गरूँ? यिनीहरूले त मलाई ढुङ्गाले हान्नै आँटेका छन्।" (५) परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएलीहरूका धर्म-गुरुहरूमध्ये कतिलाई साथमा लिएर मानिसहरूका अगिअगि जा, र **तैंले नील नदीलाई हिर्काएको तेरो लहुरो** पनि आफ्नो हातमा लिएर जा। (६) म होरेबमा भएको चट्टानमा तेरो अगि खड़ा हुनेछु। **तैंले चट्टानलाई हिर्काउनू**, र मानिसहरूले पिउनलाई त्यहाँबाट पानी निस्कनेछ।" तब मोशाले इस्राएलीहरूका धर्म-गुरुहरूका सामुन्ने त्यसै गरे। (७)"परमप्रभु हाम्रा बीचमा हुनुहुन्छ कि हुनुहुन्न" भन्ने इस्राएलीहरूका झगड़ाको कारण र **तिनीहरूले परमप्रभुको परीक्षा गरेको** कारण त्यस ठाउँको नाउँ तिनले मस्सा* र मेरीबा* राखे।

यो येशू ख्रीष्टको **क्रुस बोकाइ**को तस्बिर जस्तै हो। मोशाको लौरो **न्यायको लट्ठी** थियो जसले तिनी इसाएलीहरुको पापको न्याय गर्यो र अब हडतालबाट "चट्टान", येशू ख्रीष्ट, जसले हाम्रो न्याय गर्नुभयो (रोमी ८:२-३), पानी (एक किसिमको जीवनको आत्मा) उहाँको मनिसलाई पिउनको निम्ति बग्यो ।

> १ कोरन्थी १०:४ सबैले **आत्मिक पानी** पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने **आत्मिक चट्टानको पानी** तिनीहरूले पिए। त्यो **चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो।**

यूहन्ना ४ :१४ तर जस-जसले मैले दिने **पानी** पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा **अनन्त जीवनको निम्ति** उम्रिरहने पानीको मूल बन्नेछ!”

**छोटो समय पछि जब मरभुमीमा, फेरी पानी भएन :**

गन्ती २०:२-१३ समुदायको निम्ति त्यहाँ पानी थिएन, अनि मानिसहरू मोशा र हारूनका विरुद्धमा जम्मा भए। (३) तिनीहरूले मोशासित झगड़ा गरेर यसो भने, “हाम्रा दाजुभाइहरू परमप्रभुको सामु मर्दा हामी पनि मरेको भए असल हुनेथियो, (४) किनभने अब हाम्रा गाईबस्तुसमेत हामी सब यहाँ मर्नेछौं। किन परमप्रभुको समुदायलाई तपाईंले यस उजाड़-स्थानमा ल्याउनुभयो? (५) मिश्रबाट किन हामीलाई यस खराब ठाउँमा ल्याउनुभयो? यस ठाउँमा अन्न, अथवा नेभारा वा दाख वा अनारहरू केही छैनन्। यहाँ पिउने पानी पनि छैन।”

(६) तब मोशा र हारून समुदायको सामुबाट भेट हुने पालको ढोकामा गएर घोप्टो परे, र परमप्रभुको महिमा तिनीहरूकहाँ देखा पऱ्यो। (७) परमप्रभुले मोशालाई भन्नुभयो, (८)“यो लौरो लिएर तँ र तेरो दाजु हारून गएर समुदायलाई जम्मा गर। तिनीहरूका आँखाकै सामुन्ने यस **चट्टानलाई हुकुम गर्** (चट्टान भनेको उच्च पारिएको स्थान हो) र चट्टानबाट पानी निस्कनेछ, र तैंले यस चट्टानबाट तिनीहरूका निम्ति पानी निकाल्नेछस्। यसरी तैंले समुदाय र तिनका गाईबस्तुहरूलाई पानी दिनेछस्।” (९) तब परमप्रभुले आज्ञा गर्नुभएझैं मोशा **लौरो लिएर उहाँको सामुन्नेबाट गए,** ।

- मोशाको लठ्ठी होइन, तर हारुनको लठ्ठी (गन्ती १७:१०) मध्यस्थकर्ताको लागि पुजाहारीको लठ्ठी । न्यायको लठ्ठी होइन ।

(१०) अनि मोशा र हारूनले चट्टानको सामुन्ने समुदायलाई जम्मा गरे। तब मोशाले तिनीहरूलाई भने, “सुन, ए विद्रोही मानिस हो! के यही चट्टानबाट हामी

तिमीहरूका निम्ति पानी निकालिदिऔँ?" (११) **अनि मोशाले आफ्नो हात उठाएर दुई पल्ट आफ्नो लौरोले चट्टान हिर्काए।**

- रिसमा मोशा आनाज्ञाकारी बने अनि ***"परमेस्वरका पुत्रलाई फेरी क्रुसमा टागेको"*** रुपमा । चट्टानलाई अघिनै न्यायको लट्ठीले हिर्काइसकेको थियो (क्रुस) हाम्रो क्षमादानको, पुनस्थापना र न्याय, अनन्त जीवन दिन। अब, माथिल्लो ठाउँमा उठाइयो, ती सबै (र हो) प्रावधान भनेको चाहिँ चट्टानसंग बोल्नु हो । यो अर्को किसिमको सिकाउने तरिका हो तर मोशा अनाज्ञाकारी भए।

यद्यपि: तब त्यहाँबाट प्रशस्त पानी फुटेर निस्क्यो, अनि समुदाय र तिनीहरूका गाईबस्तुले पिए। तर हे परमप्रभु, तपाईं कृपालु र अनुग्रही परमेश्वर हुनुहुन्छ, (भजनसंग्रह ८६:१५)।

- यूहन्ना ७:३७-३९ अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। (३८) जसले ममाथि विश्‍वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।" (३९) तर यो कुरो उहाँले **पवित्र आत्माको** विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्‍वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन।

**उनको अनाज्ञाकारीको प्रतिफल:**

(१२) तर परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, “मलाई इस्राएलीहरूका सामु **पवित्र तुल्याउनलाई तिमीहरूले ममाथि विश्वास नगरेको** हुनाले मैले तिनीहरूलाई दिने देशमा **तिमीहरूले यस समुदायलाई पुऱ्याउन पाउनेछैनौ।”**

- **याकुब** ३:१ भाइ हो, तिमीहरूमध्ये धेरै जना शिक्षक नहोओ। किनकि तिमीहरू जान्दछौ, हामी शिक्षा दिनेहरूको **न्याय अझ कठोर रूपले हुनेछ।**

**मोशाको परमप्रभुसंग कुराकानी:** व्यवस्था ३:२३-२७ मैले परमप्रभुलाई यसरी बिन्ती चढ़ाएँ...........(२५) मलाई पारि जान दिनुहोस्, र यर्दन पारिको त्यो असल भूमि, त्यो सुन्दर पहाड़ी देश र लेबनान म देख्न पाऊँ।” (२६) तर तिमीहरूले गर्दा **परमप्रभु मसित रिसाउनुभएको थियो**, र उहाँले मेरो कुरा सुन्नुभएन। परमप्रभुले मलाई भन्नुभयो, **‘भयो, अब यस विषयमा मसँग अरू कुरा नगर्!**

**पक्षतापको लागि परमेस्वरले अनुमति दिनु भएन:** गन्ती २७:१२-१४ तब परमप्रभुले मोशालाई भन्नुभयो, “तँ यो अबीराम पहाड़मा उक्ली, र मैले इस्राएलीहरूलाई दिएको देश हेर्। (१३) तैंले त्यो देखेपछि तँ पनि तेरो दाजु हारूनझैँ आफ्ना मानिसहरूमा मिल्न जानेछस्। (१४) किनभने जब जीनको उजाड़-स्थानमा भएका पानीहरूमा समुदाय मेरो विरुद्धमा उठेको थियो, तब तिमीहरू दुवैले **तिनीहरूका सामु मेरो पवित्रताको कदर नगरेर मेरो आज्ञा भङ्ग गरेका थियौ।”** (यो घटना सीनको उजाड़-स्थानमा भएको मेरीबा-कादेशका पानीहरूमा भएको थियो।

- हामी परमप्रभुलाई पवित्र रुपले व्यवहार गर्छौं जब उहाँको वचनलाई मान्छौ।

के मोशा प्रतिज्ञा गरिएको भुमिमा प्रवेस गर्यो? होइन !

के मोशा स्वर्ग गयो? हो ! हिब्रू ३:५ लूका ९: २८-३१

त्यसकारण हामी भुइन्न सक्छौ कि "परमेश्वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्।" (हिब्रू ६:६) विश्वासीहरु जो अनाज्ञाकारी भइरहन्छन्, चट्टानसंग बोलीरहनबाट फर्कनु र मेरो पापलाई स्वीकार गर्दै केही अरु बलिदान अथवा काममा **फर्किने** अर्थ लाग्छ, स्वर्ग जानको लागि हामीले कराररलाई पालना गर्नै पर्छ भन्ने कथन जस्तो ।

यस्तो गराईमा हामीहरुले "फेरी चट्टानलाई हिर्काई रहेका" हुन्छौ, हामी भनिरहन्छौ कि येशू ख्रीष्टको मृत्यु पर्याप्त मात्रामा छैन अनि केहि धैरै आवश्यकताहरु छन्। यो भनिन्छ कि उहाँको आशिष पर्याप्त छैन र त्यो मानिसले तिनीहरुको मुक्तिको लागि केहि अरु काम गर्नु पर्छ। अनि यसले **खुल्लमखुल्ला उहाँको अपमान गर्छ** किनभने म भनीरहेछु कि उहाँले गर्न सक्नुभएन अनि जे भन्नुभएको थियो त्यो पुयाउन सक्नुभएन र यसले "उहाँलाई पवित्रताको व्यवहार" गर्दैन।

एकले टुग्याउनै पर्छ कि **साँचो विश्वासी**ले आफ्नो मुक्तिलाई गुमाउन सक्छ किनभने केहि चरम अनाज्ञाकारीताले र तिनीहरु **फेरी** क्रुस तर्फ "फेरी जन्मन" आउनै पर्छ तिनीहरु फेरी होसमा रहेरनै **परमेश्वरका पुत्रलाई क्रुसमा चढाइ रहन्छन्, अनि खुल्लमखुल्ला उहाँको अपमान गर्छन् ।** यो अवस्थामा सबै साचो विश्वासीको लागि आवश्यक छ कि "चट्टानलाई फेरी हिर्काउनु" **होइन** तर साँचो पस्चत्तापमा **चट्टानसंग बोल्नु** अनि तिनीहरुको पापको स्वीकार गर्नु (१ यूहन्ना १:९) हो।

के परमेश्वरले **पस्चत्तापलाई स्वीकार्नु हुदैन र ?** - जुन चाही **एकदमै मनपर्दैन** यदि तपाई मोशा होइन भने - आन्तरिक मुक्तिलाई तपाइले गुमाउनु **हुने छैन**। पूर्ण आशिषहरु र परमेश्वरको प्राबधान बाहेक यस पृथ्बीमा तपाइले मरुभूमि जीवनको परिणामहरु भोग्नुहुन्छ।

हिब्रू ६ **ले स्वर्ग अथवा नरक जानको लागि केहि पनि गर्दैन,** तर **परिपक्क विश्वासी,**

बालक अवस्थालाई छोडीएको अनि **पुत्रको रुपमा** प्रवेस गर्न र आज्ञाकारी हुन जुन **परमेस्वरको राज्य** हो। भजनसंग्रह १०६:३२-३३

❖ परमेश्वरको राज्य भनेको जताततै उहाँ साँचो राजा ! साँचो परमेश्वर !

.......................................................................................................

- **हिब्रू ६: ७-८** जुन **जमिनले** आफूमाथि सधैँ बर्सने **पानी** पिउँछ, र मानिसहरूका निम्ति खनजोत गरिएको छ, र तिनीहरूका निम्ति **मन पर्ने अन्न-बाली उमार्छ,** त्यस जमिनले परमेश्वरबाट आशिष् पाउँछ।(८) तर त्यसैले काँढा र सिउँडीहरू उमार्‍यो भने त्यो **बेकम्मा** हुन्छ, र परमेश्वरको सराप पर्न सक्छ। अन्त्यमा त्यो **जलाइन्छ**।

  - जमिन = विश्वासी

    हामी परमेश्वरको खेत हो: १कोरन्थी ३:९ किनकि हामी परमेश्वरका परमेश्वरका खेत हौ र : "**असल बीउ** छर्नेचाहिँ मानिसको पुत्र हो।

    मत्ती १३:३७

  - बिउ = परमेश्वरको वचन

१ पत्रुस १:२३ **परमेश्वरको** जीवित र नित्य रहने **वचनद्वारा**, विनाशी होइन तर अविनाशी **वीर्य**बाट तिमीहरू नयाँ गरी जन्मेका छौ।

- बर्षा = पवित्र आत्माको पानी यूहन्ना ७:३८-३९............

याकुब ५:७-८ भूमिको बहुमूल्य फसलको आशा राखेर किसानले अगिल्लो र पछिल्लो वर्षा नहोउन्जेल धैर्य धारण गरेर पर्खिरहन्छ।

- पद ८: बेकम्मा (NAS & NIV) ग्रीक शब्द अनुसार अस्वीकार गरिएको यो **उस्तै शब्द** १ कोरन्थी ९:२७ मा अयोग्य भनेर अनुबाद गरिएको छ। तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ **अयोग्य** ठहरिनेछु। र पृष्टभूमिले स्पष्टरुपमा अर्थ दिन्छ : **उपहार प्राप्त गर्नुबाट** अयोग्य हुनु ।

    - ❖ त्याग होइन अथवा अस्वीकार तर उपयोग अबदेखि नभएको।

२ तिमोथी २:२१ जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, **उपयोगी**, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ।

हामीहरु कित परमेश्वरको **उपयोगी** हुनुपर्छ वा हुनुहुदैन, हाम्रो **परिपक्कता** अनुसार, हाम्रो आज्ञाकारी सत्यतामा हुनुपर्छ। जसरी गलातीका विश्वासीहरुमा थिए।

गलाती ५:४ तिमीहरू जो व्यवस्थाद्वारा धर्मी ठहरिन चाहन्छौ, तिमीहरू ख्रीष्टबाट अलग्ग भएका छौ। तिमीहरू **अनुग्रहबाट तल खसेका छौ**।

- o ग्रीक शब्द **नामसारी गर्नु** शाब्दीक अर्थअनुसार: **“प्रस्तुत गरिएको पूर्ण रुपले अल्छी अथवा बेकार”** (स्ट्रोंग #२६७३) । अलग गरिएको।

- o **अनुग्रहबाट तल खुस्नु -** अनुग्रहमा मात्र भर नपर्नु, तर सोचदै कि केहि अरु काम अथवा बलिदान येशूख्रिस्टको काम क्रुसमा सिदद्धाउन जोड्नै पर्छ अनि होसमा, फेरी चट्टानलाई हिर्कौदै - अनि त्यसपछि **उहाँलाई खुल्ला लाजमा राख्नुभयो।**

  एफिसी २:८ किनभने **अनुग्रहबाट** विश्वासद्वारा तिमीहरूले **उद्धार पाएका छौ**– र यो तिमीहरू आफैबाट होइन, **यो त परमेश्वरको वरदान हो**

गलाती ५:७. तिमीहरू राम्रै दौडिरहेका थियौ। कसले तिमीहरूलाई सत्यता **पालन गर्नमा बाधा** दियो?

**यो मुद्दा हो** - लुकीएको, बेकार, अनुग्रहबाट हटिएको ।

- तर यदि काडाहरू उब्जिएकोछ - “चट्टानलाई हिर्काइनु” (पापलाई न्याय गरियो) र “चट्टानसंग बोल्नु” (क्षमा माग्नु अथवा सोध्नु) भन्दा बेकार शरिरको कामको काममा भर पर्नु हो ।

- श्रापितको **“नजिक”** भन्नाले श्रापित होइन तर यसको नजिक

  १ पत्रुस ४:१७-१८.....

- जल्नुमा यो समाप्त हुन्छ - जमीन, वर्षा, काडाहरु सबै प्रतिरुपहरु हुन् त्यसकारणले “जलाइयो”।

तुलना: १ कोरन्थी ३:१३-१५ प्रत्येक मानिसको **काम** प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्‌वारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो **आगोले जाँच गर्नेछ।** (१४) यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले **इनाम** पाउनेछ। (१५) यदि कुनै मानिसको काम जलेर **नष्ट** भयो भने त्यसले नोक्सानी भोग्नुपर्नेछ, तर त्यो **आफैचाहिँ आगोबाट** उम्केझैं **बाँच्नेछ।**

हिब्रू ६:७ मा जमीन - विश्वासी - क्षती नभएको, तर चिनो जुन जमिनमा उत्पादन हुन्छ, जुन अयोग्य छ, हटाइन्छ।

पिता परमेश्वर हाम्रो जीवनमा काम गरिरहनुभएको छ परिपक्वतामा ल्याउन, सबै “पुत्रको स्वरुपमा” ल्याउनलाई।

हिब्रू ६:१ त्यसकारण...**आउ हामी परिपक्वतातर्फ बढौ,** मृतुतिर लैजाने कर्महरुबाट **पश्चाताप** र परमेश्वरमाथिको विश्वासका कुराको जग फेरी नबसालौं।. . . (३) **अनि यसलाई हामी गर्नै छौं**,. . . यदि परमेश्वरले अनुमति दिनुहुन्छ भने।

यो विश्वाससंग सम्बन्धित छ / विश्वास / आज्ञाकारी अनि येशू ख्रीष्टले क्रुसमा सिद्दाउनु भएको बाटोमा हिड्नु र **उहाँलाई खुल्ला शर्ममा नराख्नु हो ।**

**अनन्त** मुक्तिको लागि - **उहाँको** क्रुसलाई लिउ

उहाँमा विश्वास गर्नुहोस् अनि उहाँको मृत्युबाट उहाँले सिद्दयाउनुभएको काम, गाडिएको अनि पुनरुत्थान। **केहि** पनि नजोडनु होस्। येशू ख्रीष्ट तपाईको **मुक्तिदाता** हुनुहुन्छ।

यूहन्ना ३:१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि **विश्वास** गर्ने कोही पनि नाश नहोस्, तर त्यसले **अनन्त जीवन पाओस्।**

रोमी १०:९-११ किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले **स्वीकार** गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो **हृदयमा विश्वास गर्‍यौ भने** तिम्रो उद्धार हुनेछ। (१०) किनकि **मानिसले** आफ्नो **हृदयले विश्वास गर्छ** र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ।

**दैनिकी** मुक्तिको लागि - **तपाईको** क्रुसलाई उठाउनुहोस्

आफ्नो लागि मर्नु अनि उहाको निम्ति शैतान र पापमाथि विजय भएर जिउनुहोस्। **येश ख्रीष्ट** तपाईको **परमप्रभु** हुनुहुन्छ।

मत्ती १०:३८ जो **आफ्नो क्रूस उठाएर** मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको हुँदैन। (३९) जसले आफ्नो प्राण जोगाउँछ, त्यसले त्यो गुमाउनेछ, र आफ्नो प्राण मेरो निम्ति गुमाउनेले त्यो बचाउनेछ।

लूका ९:२३ तब उहाँले सबैलाई भन्नुभयो, “कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र **दिनहुँ आफ्नो क्रूस बोकेर** मेरो पछि लागोस्।

लूका ६:४६ “मैले भनेका कुरा गर्दैनौ भने किन मलाई ‘प्रभु, प्रभु,’ भन्दछौ?